आज मिति २०७५ साल आश्विन ०७ गते विहान ८:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य | |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य | |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य | |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य | राममाया |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य | |
| श्री बिशैंकसेन ढकाल | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

निर्णय नं.१

कार्यालयमा हालै सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत र शाखा अधिकृत दुबै लाइ यस गांउपालिकामा स्वागत गर्ने निर्णय गरियो ।

निर्णय नं.२

यस गांउपालिकाको वडा नं.९ र ५(रजैया-दर्दरा बशन्तपुर)जोड्ने पक्की पुल आबस्यकता भएको र सोको लागी गांउपालिका संगमात्र पर्याप्त श्रोत नभएकोले नेपाल सरकार भौतिक योजना मन्त्रालयलाइ लेखि पठाउने निर्णय गरियो।साथै वडा नं.३ (हांडीखोला) र हेटौडा उपमहानगरपालिका वडा नं. १९(बस्तिपुर)जोड्ने पक्कीपुल समेत निर्माण कार्यकोलागी उक्त मन्त्रालयलाइ लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं.३

तपशीलका वडा कार्यालयको लागी भवन बनाउन ड्रईङ्ग डिजाइन लगायतको कार्यको लागी परामर्श सेवा खरीद गर्ने निर्णय गरियो ।सो कामको लागी तपशील बमोजीमको ल.ई.स्वीकृत गरी वडा तथा केन्द्र तथा वडा भवन बनाउन बिनियोजन भएको बजेटबाट खर्च लेख्ने निर्णय गरियो ।

तपशील

| सि.नं. | वडा नं./स्थान | स्वीकृत ल.ई. रकम | श्रोत |
|---|---|---|---|
| १ | १ | | |
| २ | २ | | |
| ३ | ४ | | |
| ४ | ५ | | |
| ५ | ६ | | |
| ७ | ९ | | |

निर्णय नं.४

गत बर्षको बाढीबाट प्रभाबित भइ बिस्थापित भएका वडा नं.४ का करीब ३०० घर धुरी स्थानन्तरण गरि सुरक्षित रुपमा एकिकृत बस्तिको निर्माणकार्यको लागी उपयुक्त जग्गा छनौट गर्न तपशील बमोजीम समिति गठन गर्ने निर्णय गरियो ।

तपशील

गांउपालिका अध्यक्ष — संयोजक

बाताबरण तथा बिपद व्यबस्थापन समिति संयोजक — सदस्य

पूर्बाधार बिकाश समिति संयोजक　　　　　　　　सदस्य

प्रमुख प्रशासकीय अधिकृत　　　　　　　　सदस्य-सचिब

निर्णय नं.५

प्रत्यक वडामा रहेका  मुल तथा शाखा बाटोहरुमा हालैको बर्षात बाट भएको क्षतिको कारण यातायातमा असहजता भएकोले तत्काल त्यस्ता बाटोहरु सामान्य मर्मत गरी सुचारु गर्नु पर्ने भएकोले प्राबिधीक सहितको टोलीबाट अनुगमन गरी ल.इ. बमोजीम बढीमा प्रत्यक वडालाइ बढीमा रु.५००००।हजार सम्मको मर्मत गर्न मर्मत सम्भार कोषबाट रकम बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.६

तपशील बमोजीम संघ संस्थाको माग बमोजीम अनुदान तथा आर्थिक सहायता निर्देशिकाको प्राबधान अनुसार अनुदान सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशील

| सि.नं | माग गर्ने संस्था र बिषय | बिनियोजीत | श्रोत |
|---|---|---|---|
| १ | रमनटार युवा क्लब मनहरी ७/भलिवल प्रतियोगीता | २५०००/- | |
| २ | नेपाल मगर युवा संघ /तेश्रो केन्द्रीय महाधिवेशन | ५०००/- | |
| ३ | बिचार सिं बल मनहरी ३/आगलागी पिडित | २ बण्डल जस्ता | बिपद व्यवस्थापन |
| ४ | मिष्टर एण्ड मिस मनहरी प्रतियोगीता मनहरी ९ | १५०००/- | |

निर्णय नं.७

वडा नं ३ शिद्धकाली स्थित कुलो मर्मत गर्नुपर्ने भएकोले प्राबिधिक बाट जांच गराइ ल.इ.मा उल्लेख भए बमोजीमको रकम मर्मत संभार कोषबाट बिनियोजन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

आर्थिक बर्ष २०७४/०७५ को गांउपालिका श्रेष्ता आन्तरिक लेखा परिक्षण गर्नु पर्ने भएको तर कार्यालयमा आन्तरीक लेखापरिक्षण शाखा नभएको कारण सो आ.व.को आ.ले.प. गरिदिनको लागी कोष तथा लेखा नियन्त्रण कार्यालय मकवानपुर लाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

गांउपालिकाको आ.व.२०७५/०७६ को लागी गांउसभा द्वारा पारित आर्थिक ऐन २०७५ मा रहेको'घ' बर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी गर्न तथा नविकरण गर्न लाग्ने शुल्क अधिक भएको गुनासो रहेको संदर्भमा समायोजनका लागी आन्तरीक राजस्व परामर्श समितीमा लेखि पठाउने र त्यांहाबाट सुझाव प्राप्त भएपछि आगामी गांउसभामा अनुमोदनका लागी पठाउने निर्णय गरियो ।

निर्णय नं १०

गांउपालिकालाई बालमैत्री घोषणा गर्ने सभाको पूर्व सम्पादन गर्ने कार्यको लागी तपशील बमोजीम थप निर्णय गर्ने

तपशील

१

२

३

४

५

निर्णय नं.११

मनहरी प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत अ.न.मि.बिमला राई मिति २०७५ भाद्र २३ देखि प्रशुती भई बिदामा बस्नु परेकोले निजले सम्हाल्दै आएको २४ घण्टे प्रशुति सेवा कार्य सम्पादन गर्न निज हाजीर नभए सम्मको लागी फिल्डमा कार्यरत अ.न.मि. नबिना बिष्टलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.१२

मनहरी गांउपालिकाको सहकारी ऐन २०७४ को दफा ३ बमोजीम तपशील बमोजीम गांउपालिका स्तरीय सहकारी समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

तपशील

| | |
|---|---|
| शाखा अधिकृत | संयोजक |
| जि.सहकारी संघको मनहरी प्रतिनिधी | सदस्य |
| कार्यालयको सहकारी हेर्ने फांटको कर्मचारी | सदस्य-सचिब |